# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
**बबरमहल, काठमाडौं, नेपाल**
Babar Mahal, Kathmandu, Nepal


## प्रेश विज्ञप्ती

(आमसञ्चार माध्यममा तत्काल उपयोगको लागि)

२०७४ फागुन ३० गते, बुधबार

संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री कृष्ण बहादुर महरा र माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) बीच व्यवस्थापिका-संसद सचिवालय, सिंहदरबारमा भेटघाट भयो ।

भेटका क्रममा सम्माननीय सभामुखज्यूले मुलुकमा राजनैतिक स्थायित्व मार्फत् समृद्धि र सुशासन हासिल गर्ने सरकारको लक्ष्य रहेको बताउँदै उक्त लक्ष्य प्राप्तिमा संघीय संसद र महालेखा परीक्षकको समेत महत्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभयो ।

सो अवसरमा माननीय महालेखा परीक्षकज्यूले प्रतिनिधि सभाको सभामुखमा निर्वाचित हुनुभएकोमा सम्माननीय सभामुख श्री कृष्ण बहादुर महरालाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिनु भयो ।

त्यसैगरी माननीय महालेखा परीक्षकज्यूले लेखापरीक्षण स्थिति र प्रतिवेदन कार्यान्वयन अवस्था बारे जानकारी गराउँदै सरकारी तथा सार्वजनिक निकायहरुको सेवा प्रवाह र आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरणमा ध्यान दिई भ्रष्टाचारजन्य क्रियाकलापहरुको नियन्त्रण गर्नुपर्ने विषयमा जोड दिनुभएको थियो । साथै संघीय संसदलाई बार्षिक प्रतिवेदन मार्फत् देशको समग्र आर्थिक प्रशासन र सेवा प्रवाह बारे जानकारी गराई सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

.....................
उद्धवचन्द्र श्रेष्ठ
नायव-महालेखा परीक्षक/प्रवक्ता